# संङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक आठौं जिल्ला परिषद्द्धारा पारित आ.व. २०७२/७३ को नीति, कार्यक्रम तथा वजेट वक्तव्य

**प्रमुख अतिथी माननीय सहरी विकास मन्त्री डा. नारायण खड्काज्यू,**
**विशेष अतिथी एवम् अतिथिज्यू,**
**उपस्थित दिदीवहिनी तथा दाजुभाईहरु ।**

ऐतिहासिक जनआन्दोलन पश्चात् यस उदयपुर जिल्लाको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक आठौं जिल्ला परिषद् सम्पन्न भईसकेको छ । जिल्ला विकास समितिको प्रमुखको हैसियतले यस गरिमामय सभामा आर्थिक वर्ष २०७२/७३ को वार्षिक नीति, कार्यक्रम तथा वजेट प्रस्तुत गर्न गईरहेको छु ।
यस अवसरमा नेपालमा लोकतान्त्रिक व्यवस्था स्थापनामा विभिन्न समयमा भएका आन्दोलनको क्रममा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पुर्ण ज्ञात अज्ञात शहीदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । साथै जनआन्दोलनको क्रममा घाइते हुनुभएका महानुभावहरुको सीघ्र स्वास्थ्य लाभ र सहज जीवन यापनको कामना गर्दछु ।

मैले आगामी आ. व. को नीति, वजेट तथा कार्यक्रम तयार गर्दा नेपाल सरकारको चालु त्रिवर्षीय योजना, सहश्राब्दी विकासका लक्ष्यहरु (MDGs), तथा दिगो विकासका लक्षयहरु (SDGs) एवम् दोस्रो आवधिक जिल्ला विकास योजनाले लिएका लक्ष्य र उद्धेश्यहरु प्राप्त गर्न सघाउ पुऱ्याउने कार्यक्रमहरुलाई ध्यानमा राखेको छु ।

विकास र योजना प्रक्रियामा सवैको सहभागिता सुनिश्चित गर्न सहभागितात्मक योजना तर्जुमा प्रक्रियाका सवै चरणहरु अवलम्वन गर्दै राष्ट्रिय प्राथमिकता र स्थानीय आवश्यकतालाई पुरा गर्न प्रत्यक्ष सहयोग पुग्ने गरी क्षेत्रगत कार्यलयहरु र सो सँग सम्बन्धित कार्यक्रमहरुलाई स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा नियमावली २०५६ लाई समेत आधारमानी एकीकृत वार्षिक विकास नीति, योजना तथा कार्यक्रमको तर्जुमा गरेको छु । आगामी वर्षको नीति, बजेट तथा कार्यक्रम प्रस्तुत गर्दा क्षेत्रगत गुरुयोजना र रणनीतिक योजनाहरुलाई समेत आधार मानी अन्तरसम्बन्धित विषयहरु गरिवी न्यूनिकरण, सुशासन, सेवा सुविधाको प्रवाह, वातावरणमैत्री, स्थानीय पूर्वाधारको विकास, वालमैत्री स्थानीय शासन, लैंगिक विकास, सामाजिक सुरक्षा, समावेशीकरण र सशक्तिकरण जस्ता विषयहरुलाई उच्च प्राथमिकतामा राखी वार्षिक कार्यक्रम तयार गरिएको छ । यसै गरी आगामी वर्षको वजेट तथा कार्यक्रम तर्जुमा गर्दा जिल्ला स्तरीय वार्षिक विकास कार्यक्रम (भाग -२) मा परेका योजना तथा कार्यक्रमहरुलाई समेत समेटी वार्षिक जिल्ला विकास योजनाको पुस्तिका तयार गरिएको छ ।

**उपस्थित आदरणीय महानुभावहरु**
अव म जिल्ला विकास समितिको चालू आ.व. २०७१/७२ को संशोधित आय तथा जिविस मार्फत सञ्चालन भैरहेका विभिन्न कार्यक्रमहरुको संक्षिप्त विवरण राख्न चाहन्छु ।
अहिले हामी चालू आ.व. २०७१/७२ को दोश्रो चौमासिक अवधिको अन्त्यमा छौं । केन्द्रबाट चालू आ.व.को माघ मसान्त सम्ममा जिविस तथा गाविसहरुका लागि चालू तथा पूँजीगत शिर्षकहरुमा नि:शर्त र सशर्त अनुदान गरी जम्मा रु. ४४,७७,११,३६०।- प्राप्त भएको छ ।
जिविस कोष तर्फ आन्तरिक आय रु. १ करोड १९ लाख ५५ हजार र राजश्व बाँडफाँडबाट रु. ७६ लाख ८० हजार गरी जम्मा रु. १ करोड ९६ लाख ३५ हजार आम्दानी हुने संशोधित अनुमान छ । चालू आ.व.मा संचालित योजनाहरु मध्ये केही प्रमुख योजना/कार्यकमहरुको प्रगति विवरण प्रस्तुत गर्दछु ।

## राष्ट्रिय ग्रामीण यातायत सुदृढीकरण कार्यक्रम (SNRTP)

राष्ट्रिय ग्रामीण यातायत सुदृढीकरण कार्यक्रम SNRTP (Strengthening the National Rural Transport Program) कार्यक्रम अन्तर्गत चालू आ.व.मा कूल बजेट रु. ३ करोड १ लाख ५२ हजार प्राप्त भएको छ । यस कार्यक्रम अन्तर्गत गाईघाट (मोतीगडा)–फत्तेपुर, बेतिनी – माझखर्क, कटारी – बाहुनीटार –बर्रे, रानीबास – रौता – सल्ले – कुर्लेटार र नेपालटार – उदयपुरगढी – कुर्कुन्टार सडक गरी जम्मा पाँचवटा सडकहरुको कुल १३२ कि.मी. सडक खण्डमा हेरालुहरुद्धारा नियमित मर्मत सम्भारको कार्य भैरहेको छ । गााईघाट – फत्तेपुर सडकको १० कि.मी. सडक खण्डको ओटाशिल गर्ने कार्यका लागि DPR स्विकृती हुने अवस्थामा रहेको छ । अन्य चारवटा सडकहरुको स्तरोन्नतीको लागि विस्तृत सर्भेक्षण गरी DPR तयार गर्नको लागि परामर्शदाता छनौटको कार्य भैरहेको छ ।

## स्थानीय स्तरको सडक पुल कार्यकम तथा सामुदायिक पहुँच सुधार परियोजना

स्थानीय स्तरको सडक पुल कार्यकम तथा सामुदायिक पहुँच सुधार परियोजना अन्तर्गत चालू आ.व. मा कूल बजेट रु.७५ लाख प्राप्त भएको छ । यस कार्यक्रम अन्तर्गत कटारी-बाहुनीटार सडकको कालीखाडी पुलको निर्माण कार्य शुरु भई Substructure को कार्य सम्पन्न भई यसै आ.व. मा पुलको सम्पूर्ण निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य लिइएको छ । यसरी नै तावाखोला (देउलीकुना) मा पक्किपुल निर्माण कार्य शुरु भई Left Abutement को Foundation Pad को निर्माण कार्य सम्पन्न भई वाँकी निर्माण कार्य सुचारु रहेको छ ।

## क्षेत्रगत झोलुङ्गे पुल कार्यक्रम

क्षेत्रगत झोलुङ्गे पुल कार्यक्रम अन्तर्गत चालू आ.व. मा कूल बजेट रु. ८६ लाख ४ हजार प्राप्त भएको छ । गत वर्षबाट सञ्चालनमा रहेका १४ वटा झोलुङ्गे पुलहरुमध्ये यस आ.व. मा झिरहरी झोलुङ्गे पुल, पञ्चावती र मजुवाफेदी झोलुङ्गे पुल, डुम्रे र भलायडाँडाको निर्माण कार्य सम्पन्न भएको छ भने तीनवटा झोलुङ्गे पुलहरु छाङ्गेटार, पानीघट्टा र नागदह झोपु.को निर्माण कार्य लगभग ९५ प्रतिशत सकिएको छ । यस आ.व.मा थप २ वटा गरी जम्मा ७ वटा झोलुङ्गे पुलहरुको निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य लिईएको छ । यसै गरी बाँकी ६ वटा झोलुङ्गे पुलहरु निर्माणका लागि उपभोक्ता समितिसँग सम्झौता भई निर्माण कार्य सञ्चालनमा रहेको छ ।

## ग्रामीण खानेपानी तथा सरसफाई आयोजना

ग्रामीण खानेपानी तथा सरसफाइ आयोजना अन्तर्गत चालू आ.व. मा कूल बजेट रु. ४६ लाख १७ हजार प्राप्त भएको छ । यस आ.व. मा मैनामैनी खानेपानी योजना -९, ६ र ७, जाँते खानेपानी योजना - १, ३ र ५, पोखरी खानेपानी योजना - १ गरी जम्मा तीनवटा खानेपानी योजनाहरु सम्पन्न गर्ने लक्ष्य लिईएको छ ।

जिल्लाका सवै गा.वि.स.हरुमा खानेपानी तथा सरसफफाई कार्यक्रमहरु संचालन भइरहेका छन् । आगामी २०७२ साल वैशाख २७ गते यस जिल्लालाई खुला दिसामुक्त क्षेत्र घोषणा गर्ने लक्ष्यलाई पुरा गर्न ODF सम्वन्धि कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याईएको छ । हालसम्म जिल्लाका २४ गाउँ बिकास समितिहरु खुल्ला दिशामुक्त क्षेत्र घोषणा भई सकेका छन् भने बाँकी गा.वि.स. तथा नगरपालिकाहरु खुल्ला दिशामुक्त क्षेत्र घोषणा हुने क्रममा छन् । घर तथा सार्वजनिक स्थलहरुमा चर्पीको निर्माण र प्रयोग गर्दै पूर्ण सरसफाईको लक्ष्य प्राप्त गर्ने राष्ट्रिय अभियानलाई सफल वनाउन सबैको सहयोगको अपेक्षा गर्दछु ।

## ग्रामीण सामुदायिक पूर्वाधार कार्यक्रम (RCIW)

ग्रामीण सामुदायिक पूर्वाधार कार्यक्रम अन्तर्गत चालू आ.व. मा रु. ७७ लाख वजेट विनियोजन गरी नामेटार, बाँसबोटे, बाराहा, ताम्लिछा र भुट्टार गाविसमा साना पूर्वाधारका सिंचाई, सामुदायिक विद्यालयको कम्पाउण्ड वाल निर्माण तथा ग्रामीण सडक निर्माण गरी १५ वटा आयोजनाहरु कार्यान्वयनको चरणमा रहेका छन् ।

## सामाजिक तथा मानव विकास कार्यक्रम

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) तर्फ रुपान्तरणीय सामाजिक परिचालन प्रकृया अन्तर्गत ४० गाउँ विकास समिति र ३ न.पा. का वडाहरुमा वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रहरु कियाशील रहेका छन् । नागरिक सचेतना केन्द्रले माग गरे बमोजिम आर्थिक र सामाजिक रुपले पछाडि परेका समुदायको आय आर्जन अभिवृद्धि गर्न र सामाजिक पूँजी निर्माणका स-साना पूर्वाधार निर्माणका १८ वटा रु. ८३,७०,०००। लागत बरावरका योजनाहरु सञ्चालनका क्रममा रहेका छन् ।

UNICEF को सहयोगमा वालमैत्री स्थानीय शासन कार्यक्रम (Child Friendly Local Governance–CFLG) र सरसफाई अभियान (खुल्ला दिसामुक्त क्षेत्र) र UNFPA को सहयोगमा प्रजनन् स्वास्थ्य, जनसंख्या तथा विकास र लैङ्गिक हिंसा न्यूनीकरण एवं विपद व्यवस्थापनका क्षेत्रमा कार्यक्रम निरन्तर सञ्चालनका क्रममा रहेका छन ।

सुनौला हजार दिन आयोजना अन्तर्गत कटुन्जेबबला, ताम्लिछा, बाँसवोटे, ठानागाउँ, हर्देनी र मयांखु गाविसहरुमा आमा र बच्चाहरुको पोषण सुधारका लागि रु. १,९२,४५,९८६। बाट जम्मा १०८ योजनाहरु संचालनका क्रममा रहेका छन ।

## सामाजिक सुरक्षा भत्ता

यस आ.व.को प्रथम चौमासिक अवधिमा लक्षित समुदायका १७,१६८ व्यक्तिको लागि सामाजिक सुरक्षा वापतको रकम रु.३,१७,१०,०००।- वितरण गरिएको छ । दोस्रो चौमासिक अवधिमा जिल्लाका दुई नगरपालिका सहित ४० गाविसहरुका १७,२१६ व्यक्तिको लागि रकम रु.३,१९,६०,०००।- निकाशा गरी सकिएको छ । तेस्रो चौमासिक अवधिमा १६,७०० जना लक्षित समुदायको लागि रु.३,१५,५०,०००।- खर्च हुने अनुमान गरिएको छ ।

चालू आ.व.मा रिस्कु, जोगिदह, हडिया गाविस, कटारी एवं वेल्टार-वसाहा न.पा. क्षेत्रमा सामाजिक सुरक्षा भत्ता वितरण कृषि विकास बैक मार्फत गरिएको छ । भत्ता वितरण कार्यलाई सरल, सहज पहुँच योग्य बनाउन अगामी आ.ब.मा वैंकिंग सेवा पुगेका जिल्लाका थप गाविसहरुमा समेत बैंकिङ्ग प्रणाली मार्फत क्रमश : भत्ता वितरणको व्यवस्था मिलाईनेछ ।

## स्थानीय निकायको मूल्याङ्कन

आ.व. २०६९/०७० मा जिल्ला विकास समिति, उदयपुरले गरेको कार्यसम्पादनको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन (MCPM) मूल्याङ्कनमा यस जिविसले ७० अंक प्राप्त गरी ७५ जिल्लाहरु मध्ये २२ औ स्थान हासिल गर्न सफल भई जिविस पूँजिगत अनुदानमा १० प्रतिशत थप अनुदान प्राप्त भएको छ । यसै सन्दर्भमा जिविसले आगामी दिनमा कार्य सम्पादन क्षमतामा सुधार गरी थप प्रभावकारीता ल्याउन आवश्यक देखिएको छ । यसरी नै जिल्ला भित्रका तात्कालिन ४४ गाविसहरुको न्यूनतम शर्त मापनमा ५ वटा गाविसहरु सफल हुन सकेका छैनन् । आगामी वर्षमा असफल भएका गाविसहरुको क्षमता अभिवृद्धि सम्वन्धी कार्यक्रमहरु संचालन गरी कार्य सम्पादन स्तरमा सुधार गरिनेछ ।

## पेश्की तथा बेरुजु फछ्र्यौट

यस जिल्ला विकास समितिको कार्यालयको गत विगत आ.ब. देखि आ.ब.२०६९/७० सम्म भए गरेका वित्तीय कारोवारको लेखापरिक्षण सम्पन्न गराई महालेखा परिक्षकको कार्यालयले दिएको लेखापरिक्षण प्रतिवेदनहरु परिषद्मा पेश भई छलफल सम्पन्न भएकोछ । जि.वि.स.को हाल सम्मको कूल वेरुजु रकम रु.२,७३,२६,२०९। मध्ये आ.ब २०७१/७२ मा सक्रियता देखाइ रु. २१,२९,०००। फछ्र्यौट भएको र बाँकी पेश्की तथा बेरुजु नियमित, असूल उपर गरी वेरुजु फछ्यौट गर्न गठित कार्यदललाई अझ सकृय वनाई आगामी दिनमा वेरुजुको मात्रामा न्यूनिकरण गरिनेछ ।

## आदरणीय उपस्थित माहानुभावहरु,

अव म आ. व. ०७२/०७३ को वार्षिक योजना तर्जुमाका क्रममा अवलम्वन गरिएका नीति तथा प्रक्रियाहरु यस सभा समक्ष राख्न चाहन्छु ।

आ.व. ०७२/७३ को वार्षिक योजना तर्जुमाका क्रममा वडा नागरिक मन्चबाट गाँउ परिषद हुदै माग भई आएका योजना तथा कार्यक्रमहरुलाई ११ वटै ईलाकामा ईलाकास्तरीय योजना तर्जुमा गोष्ठीको आयोजना गरी प्राथमिकता निर्धारण सहित योजनाहरुको छनौट गरिएको छ । यसरी छनौट भई आएका योजना तथा कार्यक्रमहरुलाई विभिन्न विषयगत योजना तर्जुमा समिति र एकीकृत योजना तर्जुमा समितिमा योजना तथा कार्यक्रमगत रुपमा छलफल गरी सहमती पश्चात साझा दस्तावेजको रुपमा यो वार्षिक जिल्ला विकास योजना तर्जुमा गएिको छ ।

इलाकास्तरबाट माग भई आएका योजनालाई जिल्ला विकास समिति आफैले र विषयगत कार्यालयहरुबाट क्रमशः संचालन र कार्यान्वयन गरिनेछ । जिल्ला स्तरमा उपलब्ध सीमित स्रोत र साधनका कारण इलाकास्तरवाट माग भई आएका सवै योजनाहरुलाई आगामी वर्षको कार्यक्रमा समावेश गर्न नसकिएता पनि, यसरी माग भई आएका

योजनाहरुलाई जिल्लाको योजना वैंकको रुपमा राखी क्रमश : कार्यान्वयन गर्दै लगिनेछ । स्थानीय स्रोत-साधन र क्षमताले मात्र संचालन गर्न संभव नहुने जिल्लाका महत्वपूर्ण योजनाहरुलाई केन्द्रमा माग गरी पठाउने योजनाको रुपमा वर्गीकरण गरिएको छ । आगामी आर्थिक वर्ष २०७२/७३ का लागि योजना तथा कार्यक्रम तर्जुमा गर्दा तपसील वमोजिमका मुख्य नीति तथा क्षेत्रगत नीति एवम् कार्यनीतिहरुको अवलम्बन गरिएको छ ।

## मुख्य नीतिहरु

१ केन्द्रीय प्राथमिकता र क्षेत्रगत कार्यक्रम कार्यान्वयनमा सघाउ पुग्ने गरी स्थानीयस्तरमा योजना तथा कार्यक्रमहरुको तर्जुमा र संचालन गरिने ।

२ चालु त्रिवर्षिय योजनाले निर्दिष्ट गरे वमोजिम सहश्राब्दी विकासका लक्ष्य तथा दिगो विकासका लक्ष्यहरु प्राप्त गर्न सघाउ पुऱ्याउने किसिमका योजना र कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयनमा प्राथमिकता दिने

३ महिला, वालवालिका, अपाङ्ग, आदिवासी/जनजाति, दलित, मधेसी, मुस्लिम समुदाय, सीमान्तकृत एवम् पिछडिएका क्षेत्र र वर्गसँग सम्बन्धित लक्षित कार्यक्रमहरुलाई विशेष प्राथमिकता दिई संचालन गरिने ।

४ दोश्रो आवधिक जिल्ला विकास योजनाले परिलक्षित गरे वमोजिम व्यावसायिक कृषि, पशु तथा वनको क्षेत्रमा केन्द्रित रही योजना तथा कार्यक्रमहरु संचालनमा जोड दिने ।

५ वातावरण मैत्री स्थानीय शासन प्रारुप अनुरुपका सूचकहरु प्राप्त गर्ने दिशामा कार्यक्रमहरु संचालन गरिने

६ जिल्ला सडक सञ्जालमा नजोडिएका गा.वि.स.हरुलाई सडक सञ्जालमा जोड्ने कार्यलाई प्राथमिकता दिने

७ जिल्ला सडक गुरु योजनामा उल्लेख भए अनुसार सडकहरुको स्तरोन्नती गर्दै वाह्रै महिना यातायात संचालन गर्न योगदान पुऱ्याउने सडक स्तरोन्तीका योजना संचालन गरिने ।

८ सामाजिक सेवाका क्षेत्रहरु (शिक्षा, स्वास्थ्य , खानेपानी र सरसफाई ) मा सवैको पहुँच पुऱ्याउन प्राथमिकताका आधारमा कार्यक्रमहरु तयार गरी सञ्चालनमा ल्याइने ।

९ जलवायु परिवर्तन अनुकूलन एवम् विपद् जोखिम न्यूनीकरणका उपायहरुको अवलम्बवन गर्दै संभाव्य विपद् जोखिमको अवस्थामा रहेका क्षेत्रमा संरक्षणका उपायहरु अवलम्वन गरिने ।

१० चुरे क्षेत्रको प्राकृतिक स्रोत-साधनको संरक्षण, प्रवर्द्धन र उपयोगलाई व्यवस्थित गर्न अन्तर निकाय समन्वयलाई प्रभावकारी वनाउने ।

११ पर्यटनको विकास र प्रवर्द्धनका लागि जिल्लाका संभाव्य पर्यटकीय स्थलहरुको पहिचान र अध्ययन गरी पर्यटन पूर्वाधारको विकासमा जोड दिने ।

१२ पूर्व संभाव्यताको अध्ययन पुरा भई विस्तृत अध्ययन सर्वेक्षणको अवस्थामा रहेको सगरमाथा विमानस्थललाई क्षेत्रीय विमान स्थलको रुपमा विकास गर्ने ।

१३ स्थानीय विकासको संस्थागत क्षमता सृदृद गर्दै दक्ष जनशक्तिको विकासका लागि तालिम तथा प्रशिक्षणको प्रवन्ध गरिने ।

१४ सेवा प्रवाहमा पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गरी सुशासन कामय गर्ने । सेवाको सरलीकरण गरिने ।

१५ वालमैत्री स्थानीय शासनका निर्देशक सिद्धान्तहरुको अवलम्वन गर्दै बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धन गरिने ।

१६ युवाको क्षमता विकास गर्दै सशक्तिकरणका कार्यक्रमलाई जोड दिने ।

१७ जिल्लामा कार्यरत विकासका साझेदार तथा गैरसरकारी संस्थाहरुसँग समन्वय र सहकार्य कायम गरि कार्य गरिने ।

१८ जिल्लामा सञ्चालित योजना र कार्यक्रमको कार्यमा प्रभावकारिता ल्याई गुणरस्तरीयता सुनिश्चित गर्न सहभागितामूलक अनुगमन मूल्याँकन पद्धतिलाई अवलम्वन गर्ने ।

## आ.व. २०७२/७३ मा अख्तियार गर्ने क्षेत्रगत नीति तथा कार्यनीतिहरु

### क) कृषि

१ निर्वाहमुखी कृषि प्रणालीलाई क्रमशः आधुनिकीकरण, विविधिकरण र व्यवसायीकरण गरी उत्पादन र उत्पादकत्व बढाउने कार्यक्रमहरु संचालन गरिने ।

२ वेरोजगार युवालाई कृषिमा आकर्षित गरी युवा र उद्यमी कृषकहरुलाई आधुनिक खेतीका लागि श्रम, सीप र तालिम दिइनेछ ।

३ कृषि तथा नगदेवाली आदिमा लाग्ने विभिन्न रोगको प्रकोप निदान गर्ने कार्यक्रमहरु संचालन गरिनेछ ।

४ कृषकहरुलाई उच्च लाभ हुने खालका माहुरी पालन, मत्स्य पालन, च्याउँ खेती, तरकारी खेती, अकवरे खुर्सानी, अदुवा, गोलभेडा जस्ता तरकारी वालीलाई प्रवर्द्धन गर्ने कार्यक्रम संचालन गरिनेछ ।

५ कृषकहरुलाई समयमै कृषि विऊ विजन तथा मलको व्यवस्था मिलाइनेछ ।

६ जिल्लाको फलफूल खेती हुने सम्भाव्य स्थानहरुमा नर्सरी व्याड विकास गरी फलफूल खेतीको विकास र विस्तार गर्ने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

७ विषादीबाट हुने असरलाई कम गर्न एकिकृत शत्रु जीव व्यवास्थापन प्रविधि अपनाई रसायनिक विषादीको प्रयोग कम गर्न कृषकलाई परामर्श दिई विषादीको प्रयोगमा कमी ल्याइनेछ ।

### ख) पशु विकास

१ पशु विकास कार्यक्रमलाई व्यवसायिक बनाउन पशु सेवा प्रसार कार्यक्रम, पशु उत्पादन कार्यक्रम, पशु आहार तथा प्रजनन् सेवा जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२ दुध तथा दुग्धजन्य पदार्थको उत्पादनमा वृद्धि गर्न ग्रामीण क्षेत्रमा पशुपालनमा जोड दिने कार्यक्रम सञ्चालन गरिने ।

३ व्यवस्थित पशुपालन मार्फत स्वस्थ मासुको उत्पादनमा जोड दिइनेछ ।

४ पशु पंक्षीमा आकस्मिक रुपमा लाग्ने रोगको रोकथाम र नियन्त्रणको लागि भ्याक्सिन कार्यक्रमलाई समय तालिकाअनुसार जिल्लाभर सञ्चालन गरिने ।

५ प्राकृतिक प्रकोपबाट हुन सक्ने पशु पंक्षीको क्षेतिबाट कृषकलाई पर्न सक्ने हानी नोक्सानीलाई कम गर्न पशुपंक्षी वीमा कार्यक्रमलाई प्रोत्साहन गर्दै लैजाने ।

### ग) सिंचाई

१ जिल्लाको सिंचाई प्रणालीलाई दिगो र भरपर्दो बनाई सिंचाई सेवा नपुगेका सम्भाब्य क्षेत्रमा ठूला तथा मझौला (MIS) सिंचाई आयोजनाहरुको निर्माणको कार्यक्रम कार्यान्वयन गरिने ।

२ कृषकद्धारा व्यवस्थित सिंचाई प्रणाली (Farmar Management Irrigation system FMIS) को माध्यमबाट खेती योग्य जमिनलाई बाह्रै महिना सिंचित गर्न मांगमा आधारित योजनाहरुको छनौट र कार्यान्वयन गर्दै लगिने छ ।

३ विद्यमान पुराना सिंचाई प्रणालीलाई मर्मत सम्भार गर्ने र अधुरा सिंचाई योजनाहरुको निर्माणमा तिव्रता ल्याई सम्पन्न गरिनेछ ।

४ जिल्ला साना सिंचाई गुरु योजना (Master Plan) बमोजिमका योजानाहरुलाई क्रमशः निर्माण र सञ्चालन गरिनेछ ।

५ सिंचाई आयोजनाहरुको तर्जुमा, कार्यान्वयन, संचालन गर्दा वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकुलन र विपद् जोखिम न्यूनिकरणका उपायहरुलाई मध्यनजर गरी सञ्चालन गरिनेछ ।

६ समुदाय व्यवस्थित सिंचाई कृषि क्षेत्रगत आयोजना (CMIASP-AF) कार्यक्रम अन्तर्गत सिंचाई आयोजनाको मर्मत सम्भार गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

७ कृषि उत्पादन बढाउन सहयोग पुग्ने खासगरी तरकारी र फलफूल खेतीका लागि नयाँ प्रविधि र प्रद्धतिमा आधारित सिंचाई (Non-Conventional Irrigation Tcchnology Project NITP) आयोजना सञ्चालन गरिनेछ ।

**घ) वन तथा भू-संरक्षण**

१ "एक घर एक रुख तथा एक गाउँ एक वन एक नगर अनेक उद्यान" को राष्ट्रिय कार्यक्रमलाई सघाउ पुग्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

२ वन, वनस्पती, वन्यजन्तु र जैविक विविधताको संरक्षण र व्यवस्थापन गर्दै वनजन्य श्रोतहरुको प्रभावकारी उपयोग गरिने ।

३ वन क्षेत्रको उत्पादन एवम् उत्पादकत्व बढाउन सहयोग पुग्ने कार्यक्रमहरु कार्यान्वयन गर्दै लगिनेछ ।

४ सामुदायिक वन उपभोक्ता समिति मार्फत वन क्षेत्रको संरक्षण र प्रवर्द्धनको व्यवस्था मिलाइने छ ।

५ गैर काष्ठ वन पैदावर र जडिबुटी खेतीलाई प्रवर्द्धन गर्दै यसको माध्यमबाट विपन्न जनताको आय आर्जन वृद्धि गर्दै लगिनेछ ।

६ वन अतिक्रमण, चोरी निकासी तथा वन डडेलोलाई सम्बद्ध निकायसँग समन्वय गर्दै सहभागितामुलक पद्धति मार्फत नियन्त्रण गरिनेछ ।

७ वनजन्य उद्यमको प्रवर्द्धन, उत्पादनको विविधीकरण र बजारीकरण मार्फत रोजगारी सिर्जना र आर्थिक समृद्धिका लागि निजी क्षेत्र आकर्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

८ वर्षेनी हुने बाढी, पहिरो, कटान जस्ता प्रकोपको नियन्त्रण गर्न नदी किनारमा तटबन्ध तथा बाँध निर्माण, वृक्षारोपण र जैविकप्रविधि (Bio-Engineering) को प्रयोग गरिनेछ ।

९ चुर-तराई-मधेश जलाधार क्षेत्रको एकिकृत संरक्षण तथा व्यवस्थापन मार्फत जल तथा भूमिको संरक्षण र व्यवस्थापन गरिनेछ ।

१० जलाधार क्षेत्रको संरक्षण र व्यवस्थापनमा सहयोग पुग्ने खालका पोखरी, ताल तलैया पानीको मुहान संरक्षण गर्ने कार्यक्रमहरु कार्यान्वयन गरिने ।

**ङ) शिक्षा**

१ जिल्लाका विद्यालयहरुको भौतिक अवस्थामा सुधार गरी शिक्षामा गुणस्तरीयता र दक्षता अभिवृद्धि गर्दै सूचना प्रविधि मैत्री शिक्षा प्राप्तीमा जोड दिइनेछ ।

२ जिल्लामा वालमैत्री वातावरणमा शिक्षाको विकास र विस्तार गरिनेछ । साथै विद्यार्थी भर्नादर एवम् उतिर्णदर वृद्धि गर्ने जस्ता कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

३ जिल्लामा प्राथमिक, माध्यमिक तथा उच्च माध्यमिक शिक्षामा महिला, आदिवासी जनजाति, मधेशी, दलित, सीमान्कृत समुदाय अपाङ्गता भएका व्यक्ति तथा विपन्न वर्गको पहुँच अभिवृद्धि गरिनेछ ।

४ जिल्ला शिक्षा कार्यालयको नेतृत्वमा सामुदायिक तथा निजी विद्यालय, समुदाय र गैर सरकारी संस्थाहरु सँगको सहकार्यमा विद्यालयमा पुस्तकालय र प्रयोगशाला स्थापना गरिनेछ ।

५ विद्यालयमा शिक्षकको उपस्थिति र पठनपाठनको अवस्थाको नियमित अनुगमन गरी न्यूनतम शैक्षिक वातावरणका मापदण्डहरु कार्यान्वयनमा ल्याई शिक्षाको गुणस्तरमा वृद्धि गरिनेछ ।

६ विद्यालयको वातावरणीय स्वच्छता कायम राख्न सबै विद्यालयहरुमा चर्पी निर्माण, प्रयोग र पूर्ण सरसफाईलाई उच्च प्राथमिकता दिइने छ ।

**च) स्वास्थ्य तथा पोषण**

१ निःशुल्क आधारभूत स्वास्थ्य सेवाको पहुँच जिल्लाको सबै क्षेत्र र तहमा विस्तार गर्दै लगिने छ ।

२ जिल्लामा सञ्चालित उप-स्वास्थ्य चौकीलाई स्वास्थ्य चौकीमा स्तरोन्नती गरी दक्ष जनशक्तिको व्यवस्था मिलाई स्वास्थ्य सेवामा प्रभावकारीता ल्याउने ।

३ सुरक्षित प्रसुति सेवा तथा सुरक्षित गर्भपतन गर्ने कार्यलाई व्यवस्थित गर्न Birthing Centre हरुको विस्तार गरिनेछ ।

४ रोगको रोकथाम, नियन्त्रण र उन्मुलन गर्ने राष्ट्रिय अभियान अनुरुपका कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरी शिशु, मृत्युदर, वालमृत्यूदर तथा मातृमृत्युदर घटाई स्वास्थ्य स्तरमा वृद्धि गर्न कर्यक्रमहरु सञ्चालन गरिनेछ ।

५ जिल्लाका सबै स्वास्थ्य संस्थाहरुमा समुदायमा आधारित नव शिशु सेवा कार्यक्रम सञ्चालन गरी नवजात शिशुको मृत्युदरमा कमी ल्याइने छ ।

६ आगामी वर्ष नगरपालिका क्षेत्रमा ग्रामीण भिडियो एक्सरे कार्यक्रम सञ्चालनमा ल्याइने छ ।

७ जिल्लाको आपतकालिन सेवाको क्षमता वृद्धि गर्दै प्रकोप पीडितलाई आपतकालिन अवस्थामा आकस्मिक स्वास्थ्य सेवा उपलब्ध गराउने व्यवस्था मिलाईने छ ।

८ आयुर्वेद तथा प्राकृतिक चिकित्सा जस्ता सेवाको विकास एवम् विस्तारमा जोड दिइने छ ।

९ गर्भवती र वालबालिकाको लागि पोषण स्थितिमा सुधार गर्न विभिन्न निकायहरुसँग समन्वयन गरी बहुउदेश्यीय पोषण योजना कार्यान्वयन गरिनेछ ।

१० पोषण प्रति सम्वेदनशील सेवाहरुको प्रयोग बढाई आम नागरिकमा पोषण सम्बन्धि व्यवहारमा परितर्वन ल्याउने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**छ) खानेपानी तथा सरसफाई :**

१. खानेपानीको गुणस्तरीयता कायम राख्दै सुविधा नपुगेका गा.वि.स.हरुमा स्वच्छ पिउने पानी वितरणको व्यवस्था गरी दिगोपना कायम राख्न योजना सञ्चालन गरिने छ ।

२. जिल्लालाई खुला दिसामुक्त क्षेत्र घोषणा पश्चात पूर्ण सरसफाई (Post ODF) सम्बन्धि रणनीतिक कार्ययोजनाको कार्यान्वयनमा प्रभावकारिता ल्याइनेछ ।

३. सरसफाई सम्बन्धि कार्यलाई व्यवस्थित गर्न जिल्ला स्तरीय सरसफाई कोष स्थापना र सञ्चालनलाई निरन्तरता दिइने छ । .

४ ग्रामीण खानेपानी तथा सरसफाई आयोजना अन्तर्गत संचालित खानेपानी योजनाहरुको प्रभावकारी कार्यान्वयन गरी दिगोपना सुनिश्चित गरिनेछ ।

५. सन् २०१७ सम्ममा ***"सबैका लागि खानेपानी तथा सरसफाई"*** भन्ने राष्ट्रिय लक्ष्य प्राप्तिमा सहयोग पुग्ने गरी कार्यक्रमहरु तर्जुमा र कार्यान्वयन गरिने छ ।

६. खानेपानी योजनाको निर्माण तथा सञ्चालन गर्दा वालमैत्री तथा अपाङ्गमैत्री योजनाहरुको निर्माण र कार्यान्यनमा विशेष प्राथमिकता दिइने छ ।

७. निर्माण कार्य सम्पन्न पश्चात सञ्चालनमा आई उपभोक्ता समितिलाई हस्तान्तरण भएका तर मर्मत सम्भार हुन नसकी स्वच्छ खानेपानीको आपूर्तिमा समस्या भएका योजनाहरु छनौट गरी तत्काल मर्मत सम्भारको व्यवस्था गरी पुनः सञ्चालनमा ल्याइने छ ।

८. जिल्लामा रहेका परम्परागत खानेपानीका मुहान र श्रोतहरुको पहिचान तथा संरक्षणकार्य शुरु गरिनेछ

**ज) पर्यटन**

१. जिल्लाका प्रमुख पर्यटकीय स्थलहरु रौंता पोखरी, उदयपुरगढी, चौदण्डीगढी, ताप्ली पोखरी जस्ता क्षेत्रहरुमा पर्यटन पूर्वाधार विकासमा जोड दिइनेछ ।

२. जिल्लामा पर्यटनको विकास र प्रवर्द्धनका लागि पर्यटन गुरु योजना तयार गरी क्रमशः कार्यान्वयन गरिनेछ

३. जिल्लाको पर्यटन पूर्वाधार विकासका लागि जि.वि.स., न.पा., गा.वि.स., समुदाय र निजी क्षेत्रको सहभागितामा पर्यटन पूर्वाधार विकास गर्दै लगिनेछ ।

**झ) भाषा, साहित्य, कला तथा संस्कृति :**

१. जिल्लाका ऐतिहासिक, धार्मिक र पुरातात्विक मठ, मन्दिर, गुम्वाहरुको संरक्षण गरिनेछ ।

२. जिल्लामा भाषा, साहित्य, कलाको संरक्षण र विकासका लागि यस क्षेत्रमा क्रियाशिल सामाजिक संघ संस्थाहरुसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।

३. आदिवासी/जनजातीको परम्परागत सीप, भाषा, संस्कृतिको संरक्षण, सम्बर्द्धन तथा विकासमा जोड दिइनेछ

**ञ) श्रम तथा रोजगार :**

१. युवा स्वरोजगारी वढाई आन्तरिक रोजगारी प्रवर्द्धन गर्न व्यावसायिक तथा सीपमुलक तालिमको कार्यक्रम संचालन गरिने ।

२. सूचना प्रविधिको प्रयोग गर्दै वैदेशिक रोजगारमा जानेलाई सो सम्बन्धि सूचना उपलब्ध गराई उचित राय परामर्श दिई वैदेशिक रोजगारीमा हुने ठगी नियन्त्रण गर्ने कार्यमा सघाउ पुऱ्याउन परामर्श सूचना केन्द्रको सञ्चालन गरिनेछ ।

**ट) महिला सशक्तिकरण तथा लैंगिक समानता :**

१. विपन्न वर्ग र समुदायका महिलाहरुको आर्थिक श्रोत र साधनमा पहुँच पुऱ्याउन लक्षित महिला आर्थिक सशक्तिकरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२. महिला विरुद्धको हिंसालाई निरुत्साहित गर्न र पीडितलाई न्याय दिलाउने कार्यमा आवश्यक सहयोग र समन्वय गरिनेछ ।

३. विपन्न तथा सीमान्कृत वर्गका किशोरीहरुका लागि रोजगारीका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४. महिला सहकारी मार्फत महिलाको क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिनुका साथै किशोरी शिक्षा, प्रजनन्, स्वास्थ्य र आय आर्जनमा सहयोग हुने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५. लैंगिक हिंसा अन्त्य तथा लैंगिक सशक्तिकरण सम्बन्धि रणनीति तथा कार्ययोजनाको स्थानीयस्तरमा कार्यान्वय गरी जिल्लास्तरमा देखिएका समस्याहरुको निराकरण गरिनेछ ।

६. लैंगिक बजेट प्रणालीलाई स्थानीय स्तरमा संस्थागत गर्दै लगिने ।

**ठ) वालबालिका तथा किशोर किशोरी**

१. वालबालिकाहरुको अधिकारको संरक्षण र प्रवर्द्धन गर्न वालबालिकाहरुलाई आफ्नो विचार अभिव्यक्त गर्ने अवसरको सिर्जना गरी वाल सहभागितामा वृद्धि गर्दै लगिने छ ।

२. बेचबिखन तथा हिंसामा परेका वालबालिका तथा किशोर किशोरीहरुको लागि राहत, पुनःस्थापना, पारिवारिक पुनर्मिलन, कानूनी र परामर्श सेवाहरु उपलब्ध गराउने कार्यक्रममा समन्वय र सहयोग गरिनेछ

३. गाउँ/नगरस्तरमा वाल संरक्षण समिति, वाल क्लव सञ्चालन र परिचालनका कार्यक्रमहरु गरिनेछ ।

४. वालमैत्री स्थानीय शासनलाई सुदृढ गर्दै गा.वि.स.हरुलाई क्रमशः वालमैत्री गा.वि.स.को रुपमा घोषणा गरिने छ ।

५. वालबालिकाको जन्म दर्ता प्रक्रियालाई अनिवार्य रुपमा सबै गा.वि.स.मा सञ्चालन गरिनेछ ।

६. जिल्ला वाल कल्याण समितिलाई वालबालिका सूचना केन्द्रको रुपमा विकास गर्दै वाल अधिकार र संरक्षण सम्बन्धि एकिकृत कार्ययोजना बनाई कार्यान्वयन गरिने छ ।

**ड) आदिवासी जनजाति, दलित, अपाङ्ग, उपेक्षित तथा सीमान्कृत वर्गको उत्थान तथा संरक्षण**

१. आदिवासी जनजातिको भाषा, लिपी, संस्कृति, जर्गेना र विकास गर्न प्राथमिकताका साथ कार्यक्रम कार्यान्वयन गरिनेछ ।

२. जिल्लाका लोपुन्मुख तथा सीमान्कृत वर्गको संरक्षण र विकासका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

३. दलित तथा पिछडा वर्गको विकासका लागि लक्षित समुदाय उन्मुख कार्यक्रमहरु तय गरी परम्परागत सीप तथा कलाको जर्गेनामा जोड दिइनेछ ।

४. लक्षित समुदायको सशक्तिकरण तथा सामाजिक सुरक्षाका लागि लक्षित समुदाय कै अग्रसरतामा क्षमता अभिवृद्धि र रोजगारी प्रवर्द्धनका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

५. अपाङ्गता भएका व्यक्तिहरुका लागि समुदायमा आधारित पुनःस्थापनाका कार्यक्रमहरुलाई समन्वयतात्मक रुपमा सञ्चालन गरिनेछ ।

**ढ) सामाजिक सुरक्षा**

१. सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउनुपर्ने व्यक्तिहरुको विवरण समय नै अद्यावधिक गरी सार्वजनिकीकरण गरिनेछ ।

२. सामाजिक सुरक्षा भत्ता विवरण कार्यलाई बैंकिङ्ग सेवा पुगेका क्षेत्रमा बैंकिङ्ग प्रणालीसँग आवद्ध गर्दै लगिनेछ

३. जेष्ठ नागरिकको संरक्षण गर्न राष्ट्रिय/अन्तर्राष्ट्रिय संघ संस्था एवम् निजी क्षेत्र समेतको सहभागितामा जेष्ठ नागरिक क्लवको निर्माण गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ ।

४. व्यक्तिगत घटना दर्ता गर्ने कार्यलाई थप सुदृढ गरिदै लगिनेछ ।

## ण) सूचना तथा संचार

१. पत्रकारिता क्षेत्र प्रवर्द्धन एवम् व्यवसायिक विकासका लागि कार्यक्रमहरु संचालन गरिने छ ।

२. नागरिकको सु-सूचित हुने अधिकारको संरक्षण गर्दै थप प्रभावकारी बनाउन विभिन्न कार्यालयहरुबाट प्रदान गरिने सेवा सुविधा र विकास निर्माणका योजना तथा कार्यक्रमहरुको जानकारी गराउन सूचना शाखा र सूचना अधिकारीलाई थप जिम्मेवार बनाउँदै जाने ।

३. सार्वजनिक सूचनाका माध्यम रेडियो, पत्रपत्रिका मार्फत सूचनाको प्रवाह गर्ने व्यवस्था मिलाइनेछ ।

४. जि.वि.स तथा गा.वि.स.का आधारभूत सूचनाहरु वेवसाइटमा प्रविष्ट गरी नियमित रुपमा अद्यावधिक गरिदै लगिनेछ ।

५. जिविस परिसरमा निरन्तर इन्टरनेट वा Free Wifi सेवा उपलब्ध गराईनेछ ।

६. जिल्लाका सबै क्षेत्रमा मोवाइल सेवालाई भरपर्दो र गुणस्तरीय बनाई 3G सेवाको विस्तार गरिनेछ ।

## त) विद्युत तथा उर्जा

१. ग्रामीण लघुजलविद्युत आयोजना एवम् अन्य नविकरणीय उर्जाको उत्पादन मार्फत ग्रामीण विद्युतीकरणलाई जोड दिइनेछ ।

२ राष्ट्रिय विद्युत प्रसारण लाइनको पहुँच नपुगेका क्षेत्रहरुमा वैकल्पिक उर्जा (सौर्य तथा वायोग्यास)को माध्यमबाट विद्युत सेवा पुऱ्याइने कार्यक्रम संचालन गरिनेछ ।

३. लघुजलविद्युत् एवम् उर्जा सम्बन्धी आयोजनाको कार्यान्वयनमा सार्वजनिक, निजी, साझेदारीलाई जोड दिइनेछ ।

४. ग्रामीण क्षेत्रमा घरघरको छाना वा धुरीमा सोलार प्यानल राखी सौर्य प्रविधिबाट उर्जा उत्पादन गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ ।

५. सन् २०१७ सम्ममा जिल्लालाई धुवाँ मुक्त उज्यालो घर बनाउने कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

## थ) सामुदायिक तथा गैर सरकारी संस्थाहरु

१. जिल्लामा कार्यरत राष्ट्रिय तथा अर्न्तराष्ट्रिय गैरसरकारी संस्थाका इकाईहरुलाई विकासको साझेदार र सम्वाहकका रुपमा स्थापित गर्दै उनीहरुका कार्यक्रमहरुलाई एकद्धार प्रणाली मार्फत लक्षितवर्गसम्म पुऱ्याइनेछ ।

२. गैरसरकारी संस्थाहरुको क्रियाकलापलाई पारदर्शी,जवाफदेही र उत्तरदायित्व वनाउन संयुक्त अनुगमन टोली मार्फत अनुगमन र मूल्यांकन गर्ने पद्धतीको विकास गरिनेछ ।

## द) सेवा प्रवाह र सुशासन

१. स्थानीयस्तरबाट प्रवाहगरिने सेवा र सुविधालाई छिटो, छरितो र पारदर्शी ढंगबाट नागरिकसम्म पुऱ्याउन सेवा प्रवाहको प्रक्रियामा सरलीकरण गरिनेछ ।

२. स्थानीय निकायको संस्थागत क्षमता सुदृढ गर्दै कर्मचारीलाई समय सापेक्ष तालिम र प्रशिक्षणको व्यवस्था गरिनेछ ।

३. जनगुनासोको व्यवस्थालाई थप प्रभावकारी बनाउन जनगुनासो सुन्ने अधिकारी र TOLL FREE टेलिफोन नं. को व्यवस्था गरिनेछ ।

४. सेवाप्रवाहको विषयमा नागरिकलाई सु-सूचित गराउन नागरिक वडापत्रको अद्यावधिक एवम् हेल्प डेस्कको व्यवस्था गरिनेछ ।

५. सेवामा सार्वजनिक जवाफदेहिता प्रवर्द्धन गर्न सार्वजनिक सुनुवाई र सामाजिक परीक्षणको कार्यलाई थप प्रभावकारी बनाउदै लगिनेछ ।

६. जिल्लामा संचालित योजना तथा कार्यक्रमको गुणस्तरीयता सुनिश्चित गर्न सहभागितामूलक अनुगमन प्रक्रियाबाट अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।

## ध) युवा तथा खेलकुद विकास

१. युवा वर्गको क्षमता विकास गरी रोजगारी तथा स्वरोजगारी सिर्जना हुने कार्यक्रम संचालन गरिनेछ ।

२. कुलत तथा लागु पदार्थको दुर्व्यसनबाट युवालाई जोगाउन विभिन्न सरोकारवाला संस्थाहरुसँग सहकार्य र समन्वयमा कार्यक्रमहरु संचालन गरिनेछ ।

३. जिल्ला तथा क्षेत्रीय स्तरका भलिवल, फूटवल जस्ता खेलको प्रतियोगिताहरु संचालनमा सहयोग गरी युवाहरुको खेलप्रतिको अभिरुचीलाई बढाउदै लगिनेछ ।

४. खेलकुदको विकासको लागि रंगशाला/व्यवस्थित खेल मैदानको निर्माण गर्ने कार्यको शुरुवात गरिनेछ ।

## न) स्थानीय पूर्वाधार विकास-सडक

१. जिल्ला यातयात गुरुयोजनालाई अद्यावधिक गरी कार्यान्वयनमा ल्याइने छ ।

२. जिल्ला यातायात गुरुयोजना अनुसार सडकको निर्माण, नियमित मर्मत सम्भार गरी बाह्रै महिना यातायात संचालन गर्न (पुल, कल्भर्ट, नाला आदि) को निर्माण गरिने छ ।

३. जिल्ला सडक संजालमा नजोडिएका गाविसका केन्द्रसम्म सडकको विस्तार गर्दै आगामी आ.व.मा जिल्ला सडक संजाल नजोडिएका कम्तीमा ३ वटा गा.वि.स.का केन्द्रलाई जिल्ला सडकको संजालसँग जोडिने छ ।

४. रु. २ करोड भन्दा बढी लागतमा निर्माण सम्पन्न भएका योजनाहरुको क्रमशः प्रभाव मूल्यांकन गर्दै लगिनेछ ।

५. स्थानीय स्तरका सडक पुलहरुको निर्माणलाई प्राथमिकता दिइनेछ र पूर्व सम्भाव्यता अध्ययन सम्पन्न भएका सडक पुलहरुको विस्तृत सर्भेक्षण, डिजाइन गरिने छ ।

६. पूर्वाधारका योजनाहरु तर्जुमा गर्दा वातावरणीय प्रभाव र क्षति न्यूनिकरण गर्न प्रारम्भिक वातावरणीय परीक्षण (IEE) तथा वातावरणीय प्रभाव मूल्यांकन (EIA) समेत गरी योजनाहरु कार्यान्वयन गरिने छ ।

७. जिल्ला भित्रका सडकहरुको अभिलेख तयार गरी अद्यावधिक गर्दै लगिनेछ ।

८. जिल्ला स्तरीय निकायहरुसँग समन्वय गरी सबै सडक रहेका जग्गाको लगत कट्टा गर्दै लगिनेछ ।

## फ) विपद् जोखिम न्यूनिकरण र व्यवस्थापन :

१. विपद्को उच्च जोखिममा रहेका गाविस, नपा क्षेत्रमा विपद् जोखिम न्यूनिकरणका कार्यक्रमहरु संचालन गरिनेछ ।

२. विपद्को उच्च जोखिममा रहेका वस्ती एवम् विद्यालयलाई विपद्बाट जोगिने उपायहरुको विषयमा जानकारी दिई समुदायमा आधारित विपद् जोखिम न्यूनिकरणका कार्यक्रमहरु संचालन गरिनेछ ।

३. विपद् व्यवस्थापनको क्षेत्रमा क्रियासील नेपाल रेडक्रस सोसाइटी तथा गैससहरुसंगको समन्वय र सहकार्यमा प्रकोप र यसको असरलाई न्यूनिकरण गर्न सचेतना अभिवृद्धिका कार्यक्रमहरु संचालन गरिनेछ ।

४. विपद्बाट प्रभावित व्यक्ति तथा परिवारलाई आपतकालिन उद्धार तथा राहत उपलब्ध गराउन जिल्ला दैवी प्रकोप उद्धार समितिसँग समन्वय गरी कार्य गरिनेछ ।

५. जिल्ला विपद् जोखिम न्यूनिकरण र व्यवस्थापन योजना तयारी गरी कार्यान्वयन गरिनेछ । जिल्लामा विपद् व्यवस्थापन कोषको स्थापना गरिनेछ ।

## ब) राजश्व परिचालन

१. जिल्ला विकास समितिको आन्तरिक आयलाई क्रमशः बृद्धि गर्दै लगिनेछ ।

२. राजश्व सफ्टवयर प्रयोग गरी विद्युतीय राजश्व प्रणालीको शुरुवात गरिनेछ ।

३. गाविस तथा नगरपालिकासँग समन्वय गरी व्यावसाय करको नक्शांकन गरी व्यावसाय करको दायरा बढाउदै लगिनेछ ।

४. जिविसबाट संकलन हुने करको ठेक्का प्रक्रियालाई अझ प्रतिस्पर्धी र पारदर्शी बनाइने छ ।

५. कर लगाउदा वातावरणीय प्रभाव न्यूनिकरण गर्ने एवम् श्रोत संरक्षण गर्ने जस्ता विषयमा ध्यान दिई कर निर्धारण गरिने ।

भ) <u>लघु तथा घरेलु उद्यम</u>

१ स्थानीयस्तरमा उपलब्ध स्रोत-साधन, कच्चा पदार्थ र सीपको परिचालन मार्फत लघु तथा घरेलु उद्योगको माध्यमबाट लक्षित समूहमा रोजगारी सिर्जना र गरिबी न्यूनीकरणमा सहयोग पुऱ्याउने कार्यक्रमहरु सञ्चालन गरिने ।

२ उद्यम सम्बन्धि ग्रामीण क्षेत्रमा रहेका परम्परागत सीपको संरक्षण गर्दै नयाँ प्रविधिको प्रयोग मार्फत रोजगारी प्रवर्द्धनमा जोड दिइनेछ ।

३ लघु घरेलु उद्यमीहरुको व्यवसायीक विकासका लागि तालिम तथा बजारको विस्तार र प्रवर्द्धन गरिने ।

४ एक गाँउ एक उत्पादनको नीति अनुसार उद्यमशीलता विकासमा विशेष जोड दिईने छ ।

५ बाँसजन्य बस्तुका सामाग्री उत्पादन गर्न स्थापित वस्तु विकास केन्द्रलाई थप सक्रिय गराईने छ ।

६ जिल्ला लधु उद्यम विकास रणनैतिक योजना कार्यान्वयनमा ल्याईनेछ ।

**भ) गरिवी न्यूनिकरण :**

१. गरिवी निवारण कोष मार्फत जिल्लामा संचालित समुदाय लक्षित साना परियोजनाहरुको प्रभावकारिता अभिवृद्धि गरिनेछ ।

२. विपन्न समुदायको पहिचान गरी रोजगारी र आयआर्जन वृद्धि गर्ने कार्यक्रम संचालन गरिनेछ ।

**म) कार्यान्वयन, अनुगमन तथा मूल्यांकन**

१. विकास योजना तथा कार्यक्रमहरुलाई तोकिएको समय, लागत र गुणस्तरमा सम्पन्न गर्न अनुगमन मूल्याङ्कन कार्य नियमित गरिनेछ ।

२. योजना तथा कार्यक्रमको कार्यान्वयनमा सामाजिक परीक्षण, सार्वजनिक लेखापरीक्षण र सार्वजनिक सुनुवाई प्रक्रियालाई थप सुदृढ गरिनेछ ।

३. विकास कार्यक्रम/आयोजनाहरुको कार्यान्वयन प्रक्रियालाई पारदर्शी र उत्तरदायी बनाउन सेवा प्रदायक निकाय र सेवाग्राहीहरुको प्रत्यक्ष सहभागितामा अनुगमन तथा मूल्यांकन कार्य गरिनेछ ।

४. जिल्ला तथा गा.वि.स. तहका अनुगमन तथा मूल्यांकन समितिको भूमिकालाई प्रभावकारी बनाई योजना कार्यान्वयन सुदृढ बनाइने छ ।

<u>आदरणीय दाजु भाइ तथा दिदी बहिनीहरु</u>

अव म आगामी आ.ब. २०७२/०७३ मा यस जिल्लामा देहायका विषय क्षेत्र अर्न्तगत सरकारी कार्यालयहरु, गैर सरकारी संस्थाहरुबाट संचालन गरिने विकास कार्यक्रम तथा आयोजनाहरुको लागि विनियोजित गरिएको कुल वजेट रु २,३६,११,५७,२००।- को विषयगत समितिको आधारमा बाँडफाँड गरिएको बजेट प्रस्तुत गर्न चाहन्छु ।

**आ.व. २०७२/०७३ को लागि विषयगत क्षेत्रको आधारमा जिल्लाको वजेट**

| क्र.सं. | बिषयगत समितिको नाम | वजेट रु. | प्रतिशत |
|---|---|---|---|
| १. | आर्थिक विकास समिति | ५०,५७,०३,५०० | २५ |
| २. | वन तथा वातावरण समिति | ३,७५,०३,८०० | २ |
| ३. | भौतिक पूर्वाधार विकास समिति | ७७,१६,९७,८०० | ३८ |
| ४. | सामाजिक विकास समिति | ६३,२५,९५,४०० | ३१ |
| ५. | संस्थागत स्रोत तथा क्षमता विकास | ८२,४५,६,००० | ४ |
| **जिविस, बिषयगत कार्यालय तथा गैससको विकास वजेट** | | २,०२,९९,५६,५०० | **१००** |
| ६ | जिविसको चालु वजेट (आन्तरिक स्रोत,सा.सु.,गाविस समेत) | ३३,१२,००७०० | |
| **कुल जम्मा वजेट** | | २,३६,११,५७,२०० | |

**आ.ब. ०७२/७३ को सरकारी तथा गैरसरकारी क्षेत्रको एकीकृत बजेटको अवस्था**

| क्र.सं. | निकायको नाम | वजेट | कैफियत |
|---|---|---|---|
| १. | जिल्ला विकास समितिबाट खर्च हुने बजेट | ५६,१३,२०,३०० | चालू वजेट समेत |
| २. | गाउँ विकास समितिबाट खर्च हुन (अनुदान) बजेट | ८,७६,८४,००० | |
| ३. | २ नगरपालिका र ४० गाउँ बिकास समितिबाट वितरण हुने सा.सु. भत्ता को रकम | ११,००,००,००० | |
| ४. | विषयगत कार्यालयबाट खर्च हुने बजेट | १,३२,५१,१७,००० | |
| ५. | गैससहरुबाट खर्च हुने बजेट | २७,७०,३६,००० | |
| | **कुल जम्मा वजेट** | २,३६,११,५७,२०० | |

**उपस्थित आदरणीय महानुभावहरु**

आ.व. ०७२/७३ को लागि प्रस्तुत नीति, वजेट तथा कार्यक्रमवाट उदयपुर जिल्लाको समग्र विकासमा ठोस योगदान पुग्ने विश्वास लिएको छु । प्रस्तुत जिल्ला विकास योजना तयार पार्न उदयपुर जिल्लाबाट संबिधानसभामा प्रतिनिधित्व गर्ने माननीय सभासदज्यूहरु, जिल्लाका राजनैतिक दलका प्रमुख तथा प्रतिनिधीज्यूहरु, प्रमुख जिल्ला अधिकारीज्यू, सुरक्षा निकायका प्रमुखज्यूहरु, पूर्व जनप्रतिनिधिज्यूहरु, विषयगत कार्यालयहरु, संयुक्त राष्ट्रसंघीय निकाय (यूनिसेपफ, यूएनएफपिए), अन्तराष्ट्रिय बिकास साझेदारहरु, गै.स.स.हरु, निजी क्षेत्र, नागरिक समाज, पत्रकार एवं इलाका गोष्ठि, बिषयगत समिति, एकिकृत योजना तर्जुमा समितिका सदस्य तथा सहभागिहरु लगायत गाउँ विकास समिति, जिल्ला प्राबिधिक कार्यालय तथा जिल्ला बिकास समितिका कर्मचारीमित्रहरुवाट प्राप्त सक्रिय सहयोग र सहभागिताका लागि हार्दिक आभार प्रकट गर्दछु । आठौं जिल्ला परिषद्बाट पारित वार्षिक कार्यक्रमको सफल कार्यान्वयनका लागि सबै पक्षबाट महत्वपूर्ण सहयोग र समर्थन प्राप्त हुनेछ भन्ने विश्वास लिएको छु ।

साथै यस जिल्लामा जन्मेर विभिन्न पेशा एवं व्यवसायमा आवद्ध भई जिल्ला बाहिर रहनु भएका महानुभावहरुबाट प्राप्त सल्लाह, सुझाव र सहयोगको लागि समेत आभार व्यक्त गर्दछु ।

अन्त्यमा, आफ्नो कार्य ब्यस्तताका वावजुद पनि जिल्ला विकास समिति उदयपुरको निमन्त्रणालाई स्वीकार गरी यस कार्यक्रममा उपस्थित भई कार्यक्रमको गरिमा वढाई दिनु भएकोमा माननीय मन्त्रीज्यू, सभासद्ज्यूहरु, अतिथिज्यूहरु लगायत सम्पूर्ण उपस्थित महानुभावहरुमा जिल्ला विकास समितिको तर्फबाट हार्दिक आभार व्यक्त गर्दछु ।

**धन्यवाद !**

**पीताम्वर अधिकारी**
जिविस प्रमुख एवं स्थानीय विकास अधिकारी
जिल्ला विकास समितिको कार्यालय,
उदयपुर

*मिति : २०७१ फागुण २८ गते, विहिवार*